नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका छन्। संयुक्त बजार अनुगमन टोलीबाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा दुई वटा स्वास्थ्य सामाग्री पसल र दुई वटा खाद्य पसलमा अनुगमन गरिएको छ र दुई वटा फर्मलाई रू.२५,००० जरिबाना गरिएको छ।

गृह मन्त्रालयका अनुसार आषाढ १६ गते देशभरका विभिन्न सीमानाकाहरूबाट २,८५२ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि आषाढ १६ गते १५३ स्थान साथै अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन २८६ स्थानमा अनुगमन गरिएको छ। हाल सम्म निषेधाज्ञा अवज्ञा गर्ने १,९३,१९३ सवारी साधनलाई र मास्क नलगाई हिंडडुल गर्ने ४,५८,५८७ जनालाई कारवाही गरिएको छ। विगत २४ घण्टामा १,०४४ सवारी साधनलाई र मास्क नलगाई हिंडडुल गर्ने २,११० जनालाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ६६,९३,४४० थान मेडिकल उपकरणहरू, ९० के.जी. कोभिड-१९ टेस्ट किट र १,७२० के.जी. स्यानिटाईजर लगायतका औषधीहरू पैठारी भएको छ।

परराष्ट्र मन्त्रालयको अनुसार कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि प्रवासी नेपाली मञ्चले नेपाललाई प्रदान गरेको एक थान अक्सिजन प्लान्ट (५० क्यू.मि.) को भन्सार छुट एवं बुझिलिने व्यवस्थाका लागि समन्वय भैरहेको छ। बेइजिङ्गस्थित युएन अफिस फर एस-एस कोअपरेसनले नेपाल सरकारलाई उपलव्ध गराउने सात लाख सर्जिकल मास्क र दश हजार स्टेरिलाइजेसन कभरल तातोपानी नाकाबाट वुझिलिन आवश्यक समन्वय भैरहेको छ।

२०७८/०३/१७

किरणराज शर्मा
सहसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np